# शिक्षाको पहुँचले विवाह संस्कारको जोडी चयनमा पार्ने प्रभाव
# पोखरा उप–महानगरपालिका वडा नं. १२ का दलित समुदायको एक
**समाजशास्त्रीय अध्ययन**

त्रिभुवन विश्वविद्यालय

मानविकि तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र/मानवशास्त्र विभाग

स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको प्रयोजनको लागि प्रस्तुत

**शोधपत्र**

शोधार्थी

उमा (कोइराला) गौतम

रोल नं. ४३/०६२

त्रि.वि.रजिष्ट्रेशन नं. ५६९४८/८८

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०६९

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि मेरो निर्देशन र सुपरीवेक्षणमा उमा कोइराला (गौतम) ले पोखरा उप महानगरपालिका वडा नं १२ मा बसोवास गर्ने दलित समुदायमा गरिएको स्थलगत अध्ययनमा आधारित रहेर "**शिक्षाको पहुँचले विवाहको जोडी चयनमा पार्ने प्रभाव**" विषयमा यो शोधपत्र तयार गर्नु भएको छ । उहांको कार्यप्रति म पूर्ण सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................

(उप प्रा. शिववहादुर थापा )

शोधनिर्देशक

मिति : २०६९/१२/२५

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र/ मानवशास्त्र विभागका छात्रा श्री उमा कोइराला (गौतम) ले पोखरा उप–महानगरपालिका वडा नं १२ मा वसोवास गर्ने दलित समुदायमा गरिएको स्थलगत अध्ययनमा आधारित रहेर समाजशास्त्र तर्फको आठौं पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नु भएको **"शिक्षाको पहुँचले विवाहको जोडी चयनमा पार्ने प्रभाव"** विषयक शोधपत्र मूल्याङ्कन समितिवाट समाजशास्त्रको स्नातकोत्तर उपाधिका लागि उचित ठहऱ्याइएकोले स्वीकृति प्रदान गरिएको छ ।

..................................

उप प्रा. शिववहादुर थापा
शोध निर्देशक

...........................................

(प्रा. डा. देवेन्द्र बहादुर लामिछाने)
बाह्य सुपरीवेक्षक

................................

उप प्रा. शान्ति भुषाल
विभागीय प्रमुख

मिति : २०६९/१२/३०

# कृतज्ञता ज्ञापन

यो शोध अध्ययन स्नातकोत्तर तह द्वितीय वर्ष मानवशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार गरिएको हो । यसको लागि म समाजशास्त्र/ मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा प्रति कृतज्ञता प्रकट गर्दछु ।

यो शोध तयार गर्नको लागि आफनो अमूल्य समय दिएर मार्ग निर्देशन प्रदान गर्नु हुने मेरा आदरणीय गुरु शोध निर्देशक श्री शिबवहादुर थापाज्यू प्रति आभार प्रकट गर्दछु । मलाई यो शोध तयार गर्नको लागि आफना अमूल्य सल्लाह प्रदान गर्नुहुने समाजशास्त्र/मानवशास्त्र विभागका विभागीय प्रमुख शान्ति भुषालज्यू प्रति पनि आभार प्रकट गर्दछु । बाह्य निरिक्षकको रुपमा अमुल्य सुझाव दिनुहुने गुरु प्रा. डा. देवेन्द्र बहादुर लामिछानेज्यूमा आभार व्यक्त गर्दछु । मलाई यो शोध तयार गर्नको लागि आफना अमूल्य सल्लाह प्रदान गर्नुंहुने समाजशास्त्र/मानवशास्त्र विभागका आदरणीय गुरुज्यूहरु तथा शोधपत्र लेख्ने क्रममा रचनात्मक सुझाव दिनु हुने त्रि.वि.वि.नर्सिङ क्याम्पस पोखराका सह प्राध्यापक श्री कृष्ण भण्डारी मुमुक्षज्यू प्रति अभार व्यक्त गर्दछ । साथै पुस्तक र अन्य सामाग्रीहरु उपलव्ध गराई सहयोग गर्नुहुने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयका पुस्तकालय प्रमुख तथा अन्य सहयोगी कर्मचारीहरु लाई पनि धेरै धेरै धन्यवाद प्रदान गर्दछु ।

अध्ययनको क्रममा आफनो व्यस्त समयको पर्वाह नगरी मागेका सूचनाहरु प्रदान गर्नुहुने पोखरा उप–महानगरपालिकाका सुचना विभाग प्रमुख र पोखरा वडा नं. १२ का वडा सचिवज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै अध्ययन क्षेत्रका संपूर्ण उत्तरदाता र उहांहरुका परिवार प्रति पनि धन्यवाद टकयाउदछु ।

सधै छोरी / वुहारीको पढाई प्रति गर्भ गर्ने मेरा वुवा विष्णु प्रसाद कोइराला ,आमा पदमा देवी कोइराला ,ससुरा डोलनाथ गौतम, सासु टेकमाया गौतम प्रति हार्दिक कृतज्ञता प्रकट गर्नु म आफनो कर्तव्य ठान्दछु । साथै यो शोध तयार गर्ने क्रममा आवश्यक वातावरण तयार गरी हरपल सहयोग गर्ने मेरो श्रीमान टेकनाथ गौतम छोराहरु उपेन्द्र गौतम र अभिशेष गौतमलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

त्यस्तै गरी यस शोधकार्य लेखनमा रचनात्मक सुझाव र सहयोग गर्ने मेरी देवरानी प्रमिला गौतम, प्रश्नपत्र भर्न सहयोग गर्ने मेरी देवरानी निर्मला गौतम र मेरी बहिनी बिना जर्मकट्टेललाई पनि मुरी मुरी धन्यवाद दिन चाहन्छु । साथै प्रत्यक्ष / अप्रत्यक्ष

रुपमा विभिन्न क्षेत्रवाट मलाई सहयोग पुऱ्याउनु हुने साथीभाई, इष्टमित्र तथा संपूर्ण शुभचिन्तकहरुमा हादिर्क कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा यस शोधपत्रलाई कम्प्युटर सेटिङ्ग तथा प्रिण्ट गरी सहयोग पुऱ्याउने सिटी फोटो एण्ड कम्प्युटर सर्भिस, पोखरा-१, बगरका सञ्चालक ताराप्रसाद चापागाईप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

२०६९, चैत्र २०

...............................

उमा (कोइराला) गौतम

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

# शोधसार

प्रस्तुत अध्ययन त्रि.वि.वि.मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र/ मानवशास्त्र बिभागमा समाजशास्त्र बिषयको स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनको लागि तयार गरिएको हो । यो अध्ययन **शिक्षाको पहुँचले विवाहको जोडी चयनमा पार्ने प्रभाव** भन्ने शिर्षकमा आधारित भई पोखरा उप–महानगरपालिका वडा नं. १२ मा स्थायी बसोबास गर्ने दलित समुदाय (बिशेष गरी परियार,विश्वकर्मा र नेपाली) जातिमा अध्ययन गरिएको थियो ।

नेपाल बहुभाषिक, वहुसास्कृतिक र वहुधार्मिक भएकोले यहां बिभिन्न किसिमका पद्धति र संस्कारहरु प्रचलनमा रहेका छन् । प्रत्येक जाति र समुदायमा विवाह पद्धतिमा आ–आफनै मौलिकपनहरु रहेको पाइन्छ । परम्परा देखि पिल्सीदै आएको दलित समुदायको शिक्षाको अवस्था र शिक्षाको कारणले विवाह संस्कारको मुख्य पाटो जोडी चयनमा के कस्तो प्रभाव परेको छ सो को अध्ययन प्रस्तुत शोधमा गरिएकोछ ।

**समस्याहरु**

१. अध्ययन क्षेत्रमा भएका दलित समुदायमा के कस्ता किसिमका विवाह संस्कारहरु विद्यमान छन् ?
२. ती विवाह संस्कारमा हाल के कस्ता परिवर्तन आएका छन् ? ति परिवर्तन ल्याउने कारक तत्वहरु के के हुन ?
३. शैक्षिक स्तरमा आएको परिवर्तनले सामाजिक सम्बन्धमा के परिवर्तन पारेको छ ?
४. विवाहको मुख्य पाटो जोडी चयनमा शिक्षित र अशिक्षितले कुन कुन पक्षलाई बढी जोड दिन्छन्

**अध्ययनका उद्देश्यहरु**

अध्ययन क्षेत्रका दलित समुदायको शैक्षिक, सामाजिक र आर्थिक अवस्था केलाउनु र सास्कृतिक परिवर्तनको विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको थियो ।

**बिशिष्ट उद्देश्यहरु**

१. पारिवारिक संरचना विश्लेषण गर्नु

२. विवाह संस्कारलाई खोदल्नु

३. शैक्षिक कारणले कुन कुन क्षेत्रमा के कस्ता प्रभाव पारेको छ खोज्नु

४. विवाहको मुख्य पाटो जोडी चयनमा शिक्षाले सकारात्मक वा नकारात्मक कस्तो प्रभाब पाऱ्यो खोज्नु ।

यस अध्ययनको ढाँचा वर्णनात्मक र अन्वेषणात्मक रहेको छ । अनुसन्धानको उद्देश्य अनुसार यस अध्ययनमा प्राथमिक र द्वितीय तथ्याङ्कका श्रोतहरु छन् । द्वितीय स्रोतमा अध्ययनसंग सम्बन्धित बिभिन्न पुस्तकालय सम्बन्धित वडा कार्यालय, प्रकाशित अप्रकाशित लेख रचना तथा बिभिन्न पुस्तक आदि रहेका छन् । अध्ययन क्षेत्रमा जम्मा १९५ घरधुरी रहेकोमा नमुना छनौटको आधारमा १०० घरधुरी छनौट गरी घरमुलीलाई उत्तरदाताको रुपमा लिई उनीहरुको पारिवारिक, शैक्षिक, सामाजिक र सास्कृतिक जानकारी लिइएको छ । तथ्याङ्कको प्रकृति अनुसार बिभिन्न तालिकाबाट ब्याख्या विश्लेषण गरिएको छ । साथै यस अध्ययनमा संरचनात्मक, प्रकार्यात्मक दृष्टिकोणको प्रयोग गरिएको छ ।

अध्ययनको क्रममा जम्मा जनसंख्या ६५४ जना छन भने ३५१ जना महिला र ३०३ जना पुरुष रहेका छन् । ४०२ जना विवाहित छन् भने २५९ जना अविवाहित छन् । विवाहित मध्ये मागी विवाह गर्ने ३४८ जना अर्थात (८६.४१ प्रतिशत) छन भने प्रेम विवाह गर्ने ५४ जना अर्थात (१३.४२ प्रतिशत) छन् । त्यसमा पनि अन्तरजातीय विवाह गर्ने २४ जना छन भने सजातीय विवाह गर्ने ३७९ जना छन् । शिक्षाको अवस्था हेर्दा निरक्षर १४७ जना छन् भने २४ जनाले स्नातक सम्मको शिक्षा हासिल गरेका छन् । १०० घरधुरीमा ५४ एकल परिवार ३६ संयूक्त परिवार र १० बृहत परिवार रहेको पाइयो ।

यहांका दलितहरुले आफनो परम्परागत जातिय पेशालाई धेरैले छोडदै गएको देखियो । मजुदरी ३४ परिवार, स्वदेशमा रोजगार /जागीर २७ परिवार, व्यापार /फलफूल ३४ परिवार, र बैदेशिक रोजगारमा दुबई, कतारमा गएर ३८ परिवारले आय आर्जन गरेका छन् । मासिक ५००० भन्दा कम कमाउने १० परिवार ,मासिक १०,०००। भन्दा कम कमाउने ४० परिवार , मासिक २०,००० भन्दा कम कमाउने ३२ परिवार र मासिक ५०,०००। भन्दा कम कमाउने १० परिवार साथै मासिक १०००००। भन्दा कम कमाउने परिवार ८ परिवार रहेकाका छन् ।

अध्ययन क्षेत्रका परिवार प्राय बाहिर (गाउंतिर) बाट बसाई सराई गरी आएको हुंदा यहांका पुराना बासिन्दा केही परिवार बाहेक अन्यको खेतबारी भएको पाइएन । प्रत्येक घरमा मोवाइल, टि.भि. भएकै पाइयो भने आर्थिक अवस्था सन्तोषजनक भएकाको घरमा मोटरसाइकल र गाडी पनि भएको पाइयो । यहांका दलित समुदाय ५८४ जना (८९.२९ प्रतिशत) ले हिन्दु धर्म मान्ने रहेका र बौद्ध , मुश्लिम धर्म मान्ने कोही पनि नभएको र क्रिश्चियन धर्म मान्ने ७० जना अर्थात १०.७० प्रतिशत रहेछन् । उनीहरुको विवाह संस्कार पनि प्राय हिन्दु धर्म अनुसार नै ब्राह्मण क्षेत्रीका भ्कै सक्नेले बिधिविधान पूर्वक र नसक्नेले जे जस्तो सकिन्छ टिको लगाएर मात्र गर्ने पनि चलन रहेछ ।

उक्त समुदायको शिक्षा, संस्कार र आर्थिक अवस्थालाई हेर्दा जो पढेको छ उसले छोराछोरी पढाएको छ । नियमित पेशा अपनाएको छ । घर व्यवस्थित र सरसफाइमा ध्यान दिएको छ । निश्चित सन्तान जन्माएको छ भने सन्तानको विवाहमा पनि बिशेष ध्यान दिएको छ । पढेको रोजगारमा लागेको कुलतमा नलागको केटा हेरी छोरी दिएको छ भने बुहारी पनि शिक्षित र सुशील खोजेका छन् भने जो पढेका छैनन उसले विवाहलाई सामान्य रुपमा लिएका छन् । उमेर नपुगी विवाह गरेको , शिक्षा , पेशा र बानीव्यहोरा लाई पनि बढि जोड दिएका छैनन । छोराछोरी पनि जो पढेका छन उनीहरुले सानै उमेरमा बिबाह गर्दिन भन्ने, पढिसकेपछि, पेशा सुरु गरेर मात्र विवाह गर्दछु भन्ने साथै सम्पत्ति भन्दा पनि शिक्षा र पेशा भएको केटा । केटी रोज्ने गरेको पाइयो ।

# विषय सूची


| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| विषय सूची | v |
| तालिका सूची | ix |
| सोधसार | x |
| **अध्याय एक : परिचय** | **१–९** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.१.२ दलित वर्गको परिचय | २ |
| १.१.३ दलित वर्ग र शिक्षाको अवस्था | ३ |
| १.१.४ विवाह संस्कारमा जोडी चयन | ३ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययनको औचित्य तथा महत्व | ७ |
| १.५ अध्ययनको सीमा | ८ |
| १.६ अध्ययनको संगठनात्मक ढाँचा | ९ |
| **अध्याय दुई : सैद्धान्तिक समीक्षा तथा पूर्व साहित्यको अध्ययन** | **१०–३१** |
| २.१ दलितको अवधारणा | १० |
| २.१.१ नेपालको सन्दर्भमा दलित समुदाय | १३ |
| २.१.२ संस्कृतिकरण | १३ |
| २.१.२.१ संस्कृतिकरणका विशेषता | १३ |
| २.१.२.२ नेपालमा संस्कृतिकरणको इतिहास | १४ |
| २.२ विवाह उत्पत्ति र परिवर्तन संवन्धी सिद्धान्तहरु | १८ |

२.२.१ मोर्गनको विवाह उत्पत्ति सिद्धान्त १९
२.२.२ वेष्टरमार्कको विवाह उत्पत्ति सिद्धान्त १९
२.२.३ ब्रिफल्टको विवाह सिद्धान्त १९
२.२.४ बेकोफेनो विवाह उत्पत्ति सिद्धान्त २०
२.३ नेपाली समाजमा प्रचलित विवाह पद्धतिहरु २०
२.४ सैद्धान्तिक अवधारणा २१
२.४.१ सांस्कृतिक पर्यावरणीय अवधारणा २१
२.४.२ प्रक्रियात्मक अवधारणा २३
२.५ पूर्वसाहित्यको अध्ययन २५
२.६ सन्दर्भ साहित्यको आलोचनात्मक विश्लेषण ३०

**अध्याय तीनः अनुसन्धान पद्धति** **३२–३४**
३.१ अनुसन्धान ढांचा ३२
३.२ तथ्याङ्कको स्रोत र प्रकृति ३२
३.३ तथ्याङ्कको जनसंख्या र नमूना छनौट बिधि ३३
३.४ तथ्याङ्क संकलन विधि ३३
३.५ तथ्याङ्क विश्लेषण विधि ३४

**अध्याय चार : अध्ययन क्षेत्रको पृष्टभूमि** **३५–४७**
४.१ पोखरा उपत्यकाको परिचय ३५
४.१.१ सामाजिक जनसाङ्ख्यिक विवरण ३६
४.२ पोखरा उप महानगरपालिका वडा नं. १२ को अवस्थिति ३७
४.२.१ पोखरा उपमहानगर पालिका वडा नं. १२ को सामाजिक जनसाङख्यिक विवरण ३८
४.३ धार्मिक स्थिति ३९
४.४ शैक्षिक स्थिति ४०
४.५ जातीय संरचना ४१
४.६ लैङ्गिक अवस्था ४२

४.७ उमेरगत अवस्था ४३

४.८ पेसागत अवस्था ४४

४.९ आर्थिक अवस्था ४५

४.१० पारिवारिक संरचना ४५

४.११ सदस्य संख्या विवरण ४६

**अध्याय पाँच : दलित समुदायको विवाह संस्कारमा आएका परिवर्तन र कारकतत्व सम्बन्धी अवधारणाहरुको तथ्याङ्क र विश्लेषण ४८–६७**

५.१ अध्ययन क्षेत्रमा प्रचलित विवाहका तरिकाहरु ४८

५.१.२ मागी वा प्रेम विवाह प्रचलनमा आउनका कारणहरु ४९

५.१.३ विवाह गर्ने उमेरमा भएको परिवर्तन ४९

५.१.४ विवाह गर्ने उमेरमा परिवर्तन आएका कारणहरु ५०

५.१.५ विवाहित जोडीको उमेरका अन्तरमा आएका परिवर्तनहरु ५०

५.१.६ विवाहित जोडीको उमेरको अन्तर घटनुका कारणहरु ५१

५.२ विवाह बिधि बिधानको अवस्था ५२

५.२.१ विवाह बिधि बिधानमा परिवर्तन हुनाका कारणहरु ५३

५.३ अन्तरजातीय विवाहको अवस्था ५३

५.३.१ अन्तरजातीय विवाह बढ्नुका कारणहरु ५४

५.४ अध्ययन क्षेत्रमा प्रचलित दाइजोको अवस्था ५५

५.४.१ दाइजो प्रचलनमा वृद्धि हुनाका कारणहरु ५६

५.५ विवाह विच्छेदको अवस्था ५७

५.६ विवाहको भोज भतेरको तरिकामा आएका परिवर्तनहरु ५८

५.७ पुनः विवाहको अवस्था ५९

५.७.१ पुनः विवाह गर्ने चलनमा वृद्धि हुनाका कारणहरु ५९

५.८ जोडी छनौटको प्रकृयामा आएका परिबर्तनहरु ६०

५.८.१ छोरा तथा छोरीको लागि जोडी (बुहारी / ज्वाइँ ) छनौट गर्ने प्रमुख आधार ६०

५.८.२ छोराको लागि जोडी छनौट प्रकृयामा आधारहरुको

प्राथमिकताका कारणहरु ६१
५.८.३ छोरीको लागि उपयुक्त जोडी (ज्वाइँ) छनौट गर्ने प्रमुख आधार सम्बन्धी धारणा ६१
५.८.४ छोरीको लागि जोडी छनौट प्रकृयामा विशेष आधारहरुको प्राथमिकताका कारणहरु ६२
५.९ बिधवा विवाहको अवस्था ६३
५.९.१ विधवा / विधुर विवाहमा आएका परिवर्तनहरु ६३
५.९.२ विधवा विधुर हुनाका कारणहरु ६४
५.१० विवाह गर्ने दुरीमा आएको परिवर्तन सम्बन्धी धारणा ६४
५.११ विवाह गर्ने स्थानमा भएका परिवर्तनहरु ६५
५.१२ विवाह गर्ने समय (दिन/ रात) मा आएका परिवर्तनहरु ६६

**अध्याय छ : अध्ययनको सारांश , मुख्य प्राप्ती र निष्कर्ष** **६८–७५**
६.१ अध्ययनको सारांश ६८
६.२ मुख्य प्राप्ती ७२
६.३ अध्ययनको निष्कर्ष ७४
६.४ सुझाव ७५
**सन्दर्भ सामग्री**
**अनुसूचीहरु**

# तालिका सूची


| तालिका | | पृष्ठ |
|---|---|---|
| ४.१ | पोखरा उप– महानगरपालिकाको जात अनुसारको जनसंख्या विवरण | ३७ |
| ४.२ | पोखरा उप–महानगरपालिका वडा नं १२ को जात अनुसारको जनसंख्या विवरण | ३९ |
| ४.३ | वडा नं १२ का दलित समुदायको धार्मिक स्थिति | ४० |
| ४.४ | अध्ययन क्षेत्रका दलित समुदायको शैक्षिक स्थिति | ४१ |
| ४.५ | अध्ययनमा छनौट गरिएका घरधुरीको जातिय संरचना | ४२ |
| ४.६ | अध्ययनमा छनौट जनसंख्याको लैङ्गिक विवरण | ४२ |
| ४.७ | अध्ययनमा छनौट जनसंख्याको उमेरगत विवरण | ४३ |
| ४.८ | अध्ययनमा छनौट जनसंख्याको पेशागत विवरण | ४४ |
| ४.९ | अध्ययनमा छनौट जनसंख्याको आम्दानीको अवस्था | ४५ |
| ४.१० | अध्ययन क्षेत्रको परिवारिक संरचना | ४६ |
| ४.११ | अध्ययनमा संलग्न परिवारको सदस्य संख्या विवरण | ४६ |
| ५.१ | अध्ययन क्षेत्रमा पाइएका विवाहको प्रचलित रुपहरु | ४८ |
| ५.२ | विवाह बिधि | ५२ |
| ५.३ | अन्तरजातीय विवाहको अवस्था | ५४ |
| ५.४ | अध्ययन क्षेत्रमा प्रचलित दाइजोको अवस्था | ५५ |
| ५.५ | सम्वन्ध विच्छेदको अवस्था | ५८ |
| ५.६ | अध्ययन क्षेत्रमा छोराछोरीको लागि विवाहमा जोडी छनौटका प्रमुख आधारहरु | ६० |
| ५.७ | बिधवा/विधुर विवाहको अवस्था | ६३ |